# आरटिआइ (RTI) चर्पी जडान गर्ने विधि




सर्वप्रथम तपाईंले प्राप्त गर्नुभएको आरटिआइ (RTI-Ready To Install) चर्पीसँग यी सामग्रीहरु उपलब्ध छ कि छैन यकिन गर्नुहोस् ।

## चरण १

दुईजना सहयोगीको मद्दतले खुट्टा सहितको फ्रेमलाई आमनेसामने ठड्याउने । फ्रेम ठड्याउँदा खापा बाहिर खुल्नुपर्दछ भने निलो पाता बाहिर पर्नुपर्दछ ।



## चरण २



यसरी ठड्याएको फ्रेममा १२ वटा नटबोल्ट लगाएर दायाँ र बायाँको फ्रेम कस्ने ।

## चरण ३

यसैगरी थप ४ वटा नटबोल्ट कसेर छाना लगाउने ।



## चरण ४




फ्रेम जडान कार्य सकिसकेपछि चर्पीघरको खुट्टा गाड्नको लागि चारवटा ६ इन्च गहिरो ९x९ इन्चको ४ वटा खाल्डो खन्ने ।

## चरण ५

उक्त खाल्डोमा चर्पीघरलाई बसालेर सिमण्टे कंक्रिटले खुट्टा जाम गर्ने । यसरी जाम गर्दा चर्पीको खुट्टा जमीनभित्र ६ इन्च मात्रै गाड्नु पर्दछ ।



## चरण ६



यसपछि प्यान जडान गरेर चर्पीघरको खुट्टा च्यापिने गरी दुई सल गारो लगाउने र प्यानको वरपर सिमेन्ट प्लाष्टर गर्ने ।

## चरण ७



अन्तमा, गच्छेअनुसारको एक वा दुई अफसेट खाल्डो वा सेप्टिक ट्यांक बनाएर चर्पी प्रयोग गर्न सकिन्छ ।

**सुरक्षित र दीगो चर्पी प्रवर्द्धन गरौं ।**

ENPHO
Creating Eco Societies

unicef